# स्थानीय राजपत्र

## सुरुङ्गा नगर कार्यपालिकाद्धारा प्रकाशित

**मधुपट्टी फाल्गुण ८ गते २०७४ साल   संख्या  २**

**भाग १**

## सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, मधुपट्टीको सूचना

**नेपालको संविधानको धारा २२८ को उपधारा (२) वमोजिम सुरुङ्गा नगरपालिकाको नगरसभाले यो ऐन वनाएकोले सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

नगरसभाबाट पारित मिति : २०७४।११।६

## स्थानीय तहको विनियोजन ऐन  २०७४

सुरुङ्गा नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७४।११।६

प्रस्तावनाः सुरुङ्गा नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सुरुङ्गा नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम " सुरुङ्गा नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४२,१७,०२,९०४।३६ (अक्षेरुपी बयालिस करोड सत्र लाख दुई हजार नै सय चार रुपैया पैसा छत्तिस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त सुरङ्गा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढी बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्ने छ ।

# अनुसूचि-१

## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

| व्यय शिर्षक | नगरपालिका | वडा | विषयगत | | | | | विषयगतको जम्मा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | कृषि | पशु | शिक्षा | स्वास्थ्य | | | |
| चालु खर्च | ११२३९७५९०.०० | ९१२००००.०० | १५०००००.० | ९८६६२१०.०० | ४३५५३२०.०० | ७०९१३०००.० | २४७११०००.०० | १११३४५५३०.० | २३२२६३१२०.० | |
| पूँजिगत खर्च | १३१९५९७८४.३६ | ५६८८००००.० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १८९४३९७८४.३६ | |
| जम्मा | २४४३५७३७४.३६ | ६६००००००.०० | १५०००००.० | ९८६६२१०.०० | ४३५५३२०.०० | ७०९१३०००.० | २४७११०००.०० | १११३४५५३०.० | ४२१७०२९०४.३६ | |
| प्रतिशत | ५७.९५ | १५.६५ | ०.३६ | २.३४ | १.०३ | १६.८२ | ५.८६ | २६.४० | १००.०० | |

<u>आज्ञाले</u>

दीपक दाहाल

प्रमुख प्रशासकीय अधिकृत